FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

# नमूना प्रश्नपत्र-2020-21

विषय-नेपाली (24)

कक्षा-X

निर्धारित समयः 3 घण्टा अधिकतम् अङ्क-80

## सामान्य निर्देश

- निम्नलिखित निर्देशनलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस्।
- यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ, भाग-1 अनि भाग 2
- भाग एकमा वस्तुपरक प्रश्नहरू सोधिएका छन्।
- भाग एकमा कूल 9 वटा प्रश्न सोधिएका छन्, सबै प्रश्नका उप-प्रश्न
- दिइएको छ। निर्देशनलाई पालन गरेर सोधिएका प्रश्नका उत्तर दिनुहोस्।
- भाग दुईमा वर्णणात्मक प्रश्न सोधिएका छन्।
- भाग दुईमा कूल 7 वटा प्रश्न सोधिएका छन्। निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नका उत्तर दिनुहोस्।

www.FirstRanker.com

| | भाग- एक<br>वस्तुपरक प्रश्न | |
|---|---|---|
| प्रश्न संख्या | अपठित गद्यांश | निर्धारित अङ्क १० |
| प्रश्न१ | Q.1 (अ) निम्न पद्यांश राम्ररी पढ़ेर सोधिएका वैकल्पिक प्रशनहरुको सही उत्तर दिनुहोस्। | [5x1=5] |
| | साधारणतया मानिसहरूले पढ्ने सार्वजनिक ठाउँलाई पुस्तकालय भनिन्छ। पुस्तकालय भन्नुको अर्थ हो त्यहाँ नाना थरीका किताब तथा पत्र-पत्रिकाहरू हुन्। त्यहाँ सबैजना आई किताब पढ्ने काम गर्दछन्। किताब पसलमा पनि नाना थरिका किताब पाइन्छन्, तर त्यसलाई पुस्तकालय भनिँदैन किन कि ती किताब बिक्री गर्न राखिएका हुन्छन्। पुस्तकालयमा रहेका किताबहरू सार्वजनिक हितका निम्ति हुन्छन्। पुस्तकालयमा केही नियमहरू हुन्छन् यसै अनुसार जनताले त्यहाँ रहेका सबै किताब उपयोग गर्न पाउँछन्।<br>पुस्तकालय दुइ भागमा विभाजित भएको मानिन्छ। त्यसमा एक हो सार्वजनिक पुस्तकालय अनि दोस्रो हो निजी(प्राइभेट)। निजी पुस्तकालयमा एकजनाको मात्र अधिपत्य रहन्छ, तथा त्यहाँ रहेका किताबहरू जनताले उपयोग गर्न सक्दैनन्। सारवजनिक पुस्तकालय जनताको सहयोगबाट स्थापित हुन्छ। यसमा सबैको हक रहन्छ। यो कुनै व्यक्ति विशेषको हुँदैन। सरकारका तर्फबाट पनि सार्वजनिक पुस्तकालय खोलिएको हुन्छ। यसबाहेक अन्य प्रकारका पुस्तकालय पनि छन् ती हुन् स्कूल तथा कलेजका पुस्तकालयहरू यस्ता किसिमका पुस्तकालयमा रहेका किताबहरू खास गरी त्यस स्कूल तथा कलेजका विद्यार्थी तथा शिक्षकवर्गका निम्ति काममा आउँने मात्र हुन्छन्।<br>पुस्तकालयको आवश्यकता अलि-अलि लेख्न पढ्न जान्नेदेखि लिएर ठूला-ठूला विद्वान्हरूलाई पनि पर्छ। पुस्तकालयमा रहेका विभिन्न कितावहरूको अध्ययनबाटै विद्वानहरूले ठूला-ठूला ग्रन्थ लेख्दछन् किनभने आफूलाई चाहिएका सबै पुस्तकहरू किनेर साध्य हुँदैन। सर्वसाधारणले त्यहीँबाट विश्वका विभिन्न विषयका किताबहरू पढी लाभ प्राप्त गर्दछन्। गरीबलाई मात्र होइन धनीहरूलाई पनि पुस्तकालय नभई हुँदैन। आफ्नै इच्छानुसार किताब तथा पत्र-पत्रिका किनेर किन्न सकिने होइन। पुस्तकालयमा भए त्यहाँ गई इच्छा अनुसार किताब तथा पत्र-पत्रिका हेर्न पाइन्छ।<br>पुस्तकालय दुई प्रकारको ठाँउमा हुन्छ। एक यस्तो ठाउँ हुन्छ जहाँको वातावरण शान्त र त्यहाँ इच्छानुसार किताब लिई अध्ययन गर्दछन्। त्यहाँ आगन्तुकहरूलाई बस्ने राम्रो प्रबन्ध हुन्छ। अर्को ठाउँ हुन्छ स्वरले बोल्न पढ्न, गफ गर्न, हल्ला मच्चाउन एकदम मनाही हुन्छ। पुस्तकालयमा रहेका किताबहरू विषयअनुसार भिन्न-भिन्न ठाउँमा छुट्याएर राखिएका हुन्छन्। पुस्तकालय कुनै नियमित समयमा खुल्ने हुन्छ।<br>पुस्तकालयमा एकजना पुस्तकालयाध्यक्ष हुन्छन्। पुस्तकालयको सबै देखरेख प्रबन्ध उनकै जिम्मामा हुन्छ। पुस्तकालयमा किताबहरूलाई यथास्थानमा सजाउनु जनताले मागेको किताब त्यहाँ छ भने दिनु र त्यहाँ फिर्ता ल्याइएको किताब लिनु नै उनको काम हो। पुस्तकालयबाट दिएका किताबहरू कुनै निश्चित अवधिभित्र फर्काउनुपर्दछ।<br>पुस्तकालयबाट किताब लिनलाई प्रथम त्यस पुस्तकालयको सदस्य बन्नुपर्दछ त्यसका निम्ति पुस्तकालय हेरी कुनैमा शुल्क तिर्नुपर्छ र कुनैमा पर्दैन विशेष गरी जनताद्वारा स्थापित पुस्तकालयको सदस्य बन्न शुल्क तिर्नुपर्दछ। यो आम्दानीबाट पुस्तकालयको दैनिक खर्च | |

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

| | |
|---|---|
| तथा नयाँ-नयाँ किताब , पत्र-पत्रिका र अन्य सामग्री जुटाइन्छ।<br>पुस्तकालयको जनताले ठूलो सेबा गर्दछ। त्यहाँ रहेका किताबहरू तथा पत्र-पत्रिका पढ़ेर आफ्नो मानसिक तथा बौद्धिक विकास गर्दछन्। दिनको एकपल्ट हरेक व्यक्तिले पुस्तकालयमा जानुपर्दछ र त्यहाँको नयाँ विषय के रहेछ अध्ययन गर्नुपर्दछ। कम से कम किताब नपढ़े तापनि पत्र-पत्रिका त पढ़िन्छ अनि देश-विदेशका खबर त जान्न पाइन्छ। पुस्तकालय अध्ययनका साथै मनोरञ्जनको एक स्थान पनि हो जहाँ मानिसहरू भेला हुन्छन् र आफ्नो मनको भावनालाई त्यहाँ आई अल्मल्याउँछन् र प्रसन्नचित्त हुन्छन्। त्यहाँ रहेका नाना प्रकारका विभिन्न विषयको अध्ययन गर्नु पनि एउटा मनोरञ्जन नै हो। यस प्रकार पुस्तकालयले समाज तथा देशको उत्थानमा एउटा ठूलो काम गरिरहेको छ।<br>पुस्तकालय शहरमा मात्र होइन गाउं-गाउँमा पनि राख्नु आवश्यक छ। यसको सहायताले शिक्षाको विकास हुन्छ। पुस्तकालयले ज्ञानको ज्योति सल्काउँछ र त्यसले देश तथा समाजलाई उत्थानको बाटोतिर घचेट्दछ। | |
| **1. निम्न प्रश्नहरुको वैकल्पिक उत्तर चयन गरेर लेख्नुहोस्:** | |
| **(क)पुस्तकालय भन्नाले के बुझिन्छ ?**<br>(i)नाना थरीका खेलकूदका सामग्री हुनु<br>(ii)नाना थरीका खाद्य सामग्री हुनु<br>(iii)नाना थरीका किताब र पत्र-पत्रीकाहरु हुनु<br>(iv)नाना थरीका मनोरञ्जनका सामग्री हुनु | 1 |
| **(ख)पुस्तकालयमा के को निम्ति जान्छन् ?**<br>(i)व्यायामको<br>(ii)खेलको<br>(iii)संगीतको<br>(iv)शिक्षाको | 1 |
| **(ग)किताब पत्र-पत्रिका पढ़ेर के विकास हुन्छ ?**<br>(i)मानसिक र बौद्धिक विकास<br>(ii)शारीरिक विकास<br>(iii)नैतिक विकास<br>(iv)सामाजिक र आध्यत्मिक विकास | 1 |
| **(घ) पुस्तकालयले जनताको............।**<br>(i)भलो गर्दछ<br>(ii)हित गर्दछ<br>(iii)सेवा गर्दछ<br>(iv)उपकार गर्दछ | 1 |
| **(ङ)सार्वजनिक शब्दको विपरीत शब्द कुन हो चुनेर लेख्नुहोस्।**<br>(i)देश<br>(ii)उत्थान<br>(iii)निजी<br>(iv)उपयोग। | 1 |

www.FirstRanker.com

| | |
|---|---|
| **अथवा**<br>**आ. निम्न प्रश्नहरुको वैकल्पिक उत्तर चयन गरेर लेख्नुहोस्:**<br>छोटो बढ़ेपछि भारी, फूर्ति ढाँचा बढाउँछ।<br>उर्लंदो खहरे हेर, कत्तिको गङ्गडाउँछ।।<br>सानैदेखि छुचो हुन्छ, दुष्ट मानिसको मति।<br>घोच्ने ती जङ्गली काँढा, पहिले नै तिखा कति।।<br>गर्नु मिली सबै काम, हुन्छ अत्यन्त फायदा।<br>एकता हेर, कस्तो छ, मौरीको महमा सदा।<br>उपकारी गुणी व्यक्ति, निहुरन्छ निरन्तर।<br>फलेको वृक्षको हाँगो, नझुकेको कहाँ छ?<br>मूर्खका मनमा अर्ती, गालीतुल्य बिझाउँछ।<br>दूधपान गरी सर्प खालि विष बढ़ाउँछ।। | |
| **आ.निम्न प्रश्नहरुको वैकल्पिक उत्तर चयन गरेर लेख्नुहोस्:**<br>**(क)खहेर खोला -**<br>(i)उर्लन्छ<br>(ii)कलकल गर्छ<br>(iii)बहन्छ<br>(iv)शान्त बग्छ | 1 |
| **(ख)दुष्ट मानिसको मति कस्तो हुन्छ ?**<br>(i)सरल स्वभावको<br>(ii)छुच्चो स्वभावको<br>(iii)सोझो स्वभावको<br>(iv) हठी स्वभावको | 1 |
| **(ग) उपकारी, गुणी व्यक्तिको तुलना कविले के सँग गरेका छन्?**<br>(i) फुलेको फूलसँग<br>(ii) पाकेको फलसँग<br>(iii) फलेको वृक्षसँग<br>(iv) वनस्पति सँग | 1 |
| **(घ) मूर्खको मनमा अर्ती -**<br>(i) गाली तुल्य बिझाउँछ<br>(ii) शिक्षा तुल्य<br>(iii) आशीर्वाद तुल्य<br>(iv) सुझाउ तुल्य | 1 |
| **(ङ) सर्पलाई दूधपान गराउँनाले के बढ़ाउँछ ?**<br>(i) अमृत<br>(ii) पानी<br>(iii) विष<br>(iv) सुधा | 1 |

www.FirstRanker.com

| **2.(अ) निम्न गद्यांश राम्ररी पढ़ेर सोधिएका वैकल्पिक प्रशनहरुको सही उत्तर दिनुहोस्।** | **[5x1=5]** |
|---|---|
| हामी सबैलाई खास-प्रशवासका लागि हावा, पिउनका लागि पानी र अन्न उब्जनीका लागि माटो चाहिन्छ भन्ने तथ्य अकाटय सत्य हो। यी हावा, पानी र माटामा कुनै प्रकारका नचाहिँदा, हानिकारक तत्व लसपस भए भने प्रदूषण पैदा हुन्छ। अर्को शब्दमा भन्नु हो भने प्रदूषण भन्नाले हावामा धूवाँ, पानीमा फोहोर अनि माटामा विषालु तत्व मिसिएको बुझाउँछ। प्रदूषणलाई मोटा-मोटी हिसाबमा विभाजन यस प्रकार गर्नसकिन्छ :<br>**(क) वायु-प्रदूषण**<br>**(ख) जल-प्रदूषण**<br>**(ग) भू-प्रदूषण**<br>**(घ) ध्वनि-प्रदूषण**<br>**(क ) वायु-प्रदूषण-**<br>यो प्रदूषण भनेको हावामा धूलो, धूवाँ तथा अन्य हानिकारक तत्वको मिसावट बुझाउँछ। हामीमाझ वायुप्रदूषण दाउरा, कोइला, मट्टितेल, डिजेल आदि बाल्दा निस्कने ; मोटर गाड़ी, स्कूटर, बसादिबाट निस्किने तथा कल-कारखानाबाट निस्कने विषालु धूवाँले बनाउँछ। यस्तो विषालु धूवाँमा कार्बन-डाइ-अक्साइड,'सल्फर-अक्साइट' अनि 'कार्बन मोनोक्साइड' ग्यासहरु हुन्छन्। यिनै ग्यासले लाभदायक वायुलाई हानिकारक पदार्थमा परिणत गरिदिन्छन्। यस्तो प्रदूषणले मानिसलाई मात्र होइन समस्त प्राणी र उद्भिदलाई नै नोक्सान पुरयाउँछ, यसले हामीमा श्वांससम्बन्धी कतिपय रोगहरु फैलाउन सक्छ। यसको उन्मूलनका लागि धूवाँबिनाको ऊर्जा-शक्तिको स्रोतको प्रयोगमा औ वृक्षरोपण र संरक्षण अभियानमा सक्रिय हुन आवश्यक छ।<br>**(ख) जल-प्रदूषण-**<br>यो प्रदूषण भन्नाले पानीमा नूनको मात्रा बढ़ी हुनु, फोहोर हुनु अनि कल-कारखानाबाट फ्याँकिएको मैला-पानी हुनु बुझिन्छ। खोला-नाला, नद-नदी, कुवामा फोहोर मैला थुप्रिनु, कल-कारखानाबाट फ्याँकिएको विषाक्त रासायनिक पानी बग्नुबाट यो प्रदूषण फैलिन सक्छ। यसले पाचन-क्रियासम्बन्धी रोगहरु बढ़ाउन सक्छ।<br>**(ग) भू-प्रदूषण-**<br>माटामा ज्यादा मल, कीटाणुनाशक रसायनादि हुनु भनेको नै भू-प्रदूषण हो। यसले माटामा उर्वराशक्तिको क्षय गराउँछ अनि खाद्यान्न उब्जनी प्रचुर मात्रामा नभए नाना रकमका रोग फैलिन स्वाभाविक छ।<br>**(घ) ध्वनि-प्रदूषण-**<br>असहय तीव्र ध्वनि उत्पन्न हुनु नै ध्वनि-प्रदूषण हुनु हो। यातायत गर्द गाड़ी वाहनबाट निस्कने ध्वनि, ठूल-ठूला यन्त्रबाट निस्कने आवाज नै यसको स्रोत हो। यसले हामीमा तनाव, उच्च-रक्तचाप, बहिरो जस्ता रोगहरु उब्जाइदिन्छ।<br>यसरी प्रदूषणले हाम्रो स्वस्थ शरीर अस्वस्थमा परिणत गरिदिन्छ अनि यसैले अल्पायुमा नै मानिसलाई वैकुण्ठवास हुन वाध्य गराउँछ। यसैले विशषको जल्दो-बल्दो प्रदूषण-समस्यालाई डाँड़ा कटाउन सबैको एकमत हुनु आवश्यक छ। | |
| **निम्नलिखित प्रश्नहरुबाट वैकल्पिक उत्तर चयन गरेर लेख्नुहोस्:**<br>(क) प्रदूषण भन्नाले के बुझिन्छ?<br>(i) दूषित भोजन<br>(ii) दूषित वायु<br>(iii) दूषित सोच<br>(iv) स्वच्छ वातावरण | 1 |

www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice


| | |
|---|---|
| **(ख) मोटा-मोटी हिसाबमा प्रदूषण कति प्रकारका हुन्छन्?**<br>(i) तीन प्रकारका हुन्छन्<br>(ii) पाँच प्रकारका हुन्छन्<br>(iii) चार प्रकारका हुन्छन्<br>(iv) ६ प्रकारका हुन्छन् | 1 |
| **(ग) ध्वनि-प्रदूषणले हामीमा कस्ता-कस्ता रोगहरु उब्जाइदिन्छ?**<br>(i) क्षय रोग<br>(ii) कर्क रोग<br>(iii) चर्म रोग<br>(iv) उच्च रक्त चाप बहिरोपन | 1 |
| **(घ) 'उर्वरा' भन्नाले के बुझिन्छ?**<br>(i) उमार्ने<br>(ii) नाश गर्ने<br>(iii) संरक्षण गर्ने<br>(iv) हानि गर्ने | 1 |
| **(ङ) भू-प्रदूषण के हो?**<br>(i) पानीमा प्रदूषण हुनु<br>(ii) हावामा प्रदूषण हुनु<br>(iii) माटामा प्रदूषण हुनु<br>(iv) आवाजको प्रदूषण हुनु | 1 |
| **अथवा**<br>(आ.)**निम्न गद्यांश राम्ररी पढेर सोधिएका वैकल्पिक प्रशनहरुको सही उत्तर दिनुहोस्।** | |
| गङ्गा नदीलाई हाम्रो देशमा धेरै महत्व दिइन्छ। गंगा नदी भारतको चार राज्य भएर बग्छ। ती हुन् उत्तराखण्ड, उत्तर प्रदेश, बिहार र बङ्गाल । भारतको यस मध्यम भागलाई गंगाको मैदान' पनि भनिन्छ। यस प्रदेशमा अत्याधिक उद्योग धन्धा पनि फैलिएको छ जसमा लाखौं मानिसले जीविकोपार्जन गरिरहेका छन् साथै राष्ट्रिय स्तरमा यसले आय वृद्धिको मार्ग प्रशस्त गरेको छ। पेयजल पनि गंगा तथा त्यसको नहरहरूबाट प्राप्त हुन्छ। यदि गंगा नभएको भए हाम्रो देशको एउटा महत्वपूर्ण भाग बाँझो तथा मरूभूमिमा परिणत हुने थियो। यसैले गंगा उत्तर भारतको सबभन्दा पवित्र र महत्त्वपूर्ण नदी हो। गंगा नदी भारतीय संस्कृतिको अभिन्न अंग पनि हो। भारतको प्राचीन ग्रन्थहरू जस्तै वेद, पुराण, महाभारत, आदिमा पनि गंगाको पवित्रताको वर्णन छ। भारतका अनेक तीर्थस्थलहरू गंगाको किनारमाथि नै अवस्थित छन्। | |
| **(क) गंगा नदी .......... को चार राज्य भएर बहन्छ।**<br>(i) भारत<br>(ii) नेपाल<br>(iii) भुटान<br>(iv) बङ्गलादेश | 1 |

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

| | |
|---|---|
| **ख. लाखौ मानिसहरूले ........ गरिरहेका छन्।**<br>(i) मनोरञ्जन<br>(ii) जीविकोपार्जन<br>(iii) उत्पादन<br>(iv) उद्योग-धन्धा | **1** |
| **ग. गङ्गा नदी भारतीय संस्कृतिको ......... अङ्ग हो।**<br>(i) भिन्न-भिन्नै<br>(ii) नछुटिने<br>(iii) अभिन्न<br>(iv) छुट्टै | **1** |
| **घ. भारतको .......... भागलाई गङ्गाको मैदान पनि भनिन्छ।**<br>(i) उत्तर<br>(ii) पश्चिम<br>(iii) पूर्व<br>(iv) मध्यम | **1** |
| **ङ. भारतको प्राचीन ग्रन्थ........मा गङ्गाको पवित्रताको वर्णन पाइन्छ।**<br>(i) महाभारत<br>(ii) कुराण<br>(iii) बाइबल<br>(iv) चण्डी | **1** |
| **व्याकरण** | कूल अङ्क-**16** |
| **3. निम्न प्रश्नहरू मध्ये कुनै चारवटा प्रश्नका सही उत्तर लेख्नुहोस्।** | [4x1=4] |
| **(क) जंगल शब्दको अर्थ..........हो।**<br>(i) अरण्य<br>(ii) वृक्ष<br>(iii) उघान<br>(iv) मैदान | **1** |
| **(ख) निम्न वाक्यहरु मध्ये शुद्ध वाक्य चुन्नुहोस।**<br>**आ.**(i)म घरमा बस्यो।<br>(ii) केटाकेटीहरु चश्चले हुन्छन्।<br>(iii) दिदी बहिनी घुम्न गयो।<br>(iv) मेरो भाइ नोकरि गर्छ। | **1** |
| **(ग) सय वर्षको अवधिलाई......... भनिन्छ।**<br>(i) दशक<br>(ii) शताब्दी<br>(iii) वार्षिक<br>(iv) पाक्षिक | **1** |
| **(घ) व्याकरणी बुझाइमा अर्थयुक्त ध्वनिको नाउँ के हो?**<br>(i) अक्षर<br>(ii) वर्ण<br>(iii) वाक्य<br>(iv) शब्द | **1** |

www.FirstRanker.com

| | |
|---|---|
| **(ङ) विपरीतार्थक शब्द भन्नाले........बुझिन्छ।**<br>(i) विलोम शब्द<br>(ii) पर्यायवाची शब्द<br>(iii) भिन्नार्थक शब्द<br>(iv) अनेकार्थक शब्द | 1 |
| **4. निम्न प्रश्नहरू मध्ये कुनै चारवटा प्रश्नका सही उत्तर लेख्नुहोस्।** | [4x1=4] |
| **(च) सार शब्द लेख्नुहोस् जसको उपमा छैन........**<br>(i) अपरिमेय<br>(ii) अभेघ<br>(iii) अनुपम<br>(iv) अर्दश्य | 1 |
| **(छ) इश्वरवर शब्दको पर्यायवाची शब्द कुन हो?**<br>(i) दैत्य<br>(ii) विधाता<br>(iii) दनुज<br>(iv) पावक | 1 |
| **(ज) स्त्रीलिङ्गी शब्दहरुमा......लाग्छ।**<br>(i) ह्रस्व<br>(ii) हलन्त<br>(iii) विसर्ग<br>(iv) दीर्घ | 1 |
| **(झ) अनेक अर्थमा प्रयुक्त हुने शब्दलाई............शब्द भन्दछन्।**<br>(i) भिन्नार्थक शब्द<br>(ii) अनेकार्थक शब्द<br>(iii) विपरीतार्थक शब्द<br>(iv) पर्यायवाजी शब्द | 1 |
| **(ञ) निम्नतिखित शब्द मध्ये कुन विसर्ग शब्द हो सही चिन्ह भएका शब्दलाई चुनेर लेख्नुहोस्।**<br>(i) कुटुम्ब<br>(ii)कलश 1<br>(iii) कलंक<br>(iv)क्रमशः | 1 |
| **5.निम्न प्रश्नहरू मध्ये कुनै चारवटा प्रश्नका सही उत्तर लेख्नुहोस्।** | [4x1=4] |
| **(ट) निम्नलिखित शब्दहरु मध्ये हलन्त लगाइएको शब्द चुनेर लेख्नुहोस्।**<br>(i) दण्डवत्<br>(ii) सम्भवत<br>(iii) संस्कृत<br>(iv)कृषक | 1 |

www.FirstRanker.com

| | |
|---|---|
| **(ठ) दीर्घ शब्द भन्नाले......।**<br>(i)उच्चारण गर्दा थोरै समय लागने<br>(ii) उच्चारण गर्दा दुगुना समय लाग्ने<br>(iii)उच्चारण गर्दा तीनगुना समय लाग्ने<br>(iv) उच्चारण गर्दा कुनै समय नलाग्ने | 1 |
| **(ड) उच्चारण गर्दा 'ब' बोलिने शब्द तर लेख्दा 'व'.....लेखिने शब्द कुन हो चुनेर लेख्नुहोस्।**<br>(i) वाक्य<br>(ii) विश्राम<br>(iii) वार<br>(iv) पावर | 1 |
| **(ढ) तलका सार शब्दबाट सही उत्तर चुनेर लेख्नुहोस्।**<br>(i) जो कहिले मर्दैन-अल्पायु<br>(ii)जसले ईश्वर मान्छ- नास्तिक<br>(iii)आकाशमा उड्ने प्राणी-नभचर<br>(iv)जो मासु खान्छ- शाकाहारी | 1 |
| **(ण) निम्नलिखित शब्दहरु मध्ये कुन शब्दमा उपयुक्त ठाउँमा चन्द्रविन्दु प्रयोग गरिएको छ टिपेर लेख्नुहोस्।**<br>(i) अँध्यारो<br>(ii) बाँस<br>(iii) जाचिएँर<br>(iv) गाँउ | 1 |
| **6. निम्न प्रश्नहरू मध्ये कुनै चारवटा प्रश्नका सही उत्तर लेख्नुहोस्।** | [4x1=4] |
| **(त) तलका शब्दहरु मध्ये हस्व चिन्ह लगाएको शब्द कुन हो चयन गर्नुहोस्।**<br>(i) क्रान्ति<br>(ii) कीर्तन<br>(iii) ठूलो<br>(iv) उनी | 1 |
| **(थ ) अनुस्वारलाई ............भनिन्छ।**<br>(i) प्लुत<br>(ii) हलन्त<br>(iii) शिरबिन्दु<br>(iv) विसर्ग | 1 |

www.FirstRanker.com

| | |
|---|---|
| **(द) शुद्ध शब्द छान्नुहोस्।**<br><br>(i) अध्यायन<br>(ii) गौरवान्वित<br>(iii) अवकास<br>(iv) नीरिक्षण | 1 |
| **(ध) अनुस्वार शब्दको उच्चारण.........**<br><br>(i) कण्ठबाट<br>(ii) तालब्यबाट<br>(iii) ओष्ठयबाट<br>(iv)अनुनासिक(नाकबाट) | 1 |
| **(न) दुष्ट शब्दको अर्थ ...... हुन्छ।**<br>(i) दुर्जन<br>(ii) धर्मी<br>(iii) स्वाभिमानी<br>(iv) अनैतिक | 1 |
| 7. **निम्नलिखित पद्यबाट निर्देशानुसार निम्न प्रश्नका उत्तर चुनेर लेख्नुहोस्।** | [5x1=5] |
| तर प्रिये।<br>ती तारी टाढ़ा आकाशमा रहनाले नै तारा छन्,<br>हातले टिप्न सक्ने फल झैं<br>फल्दा हुन त ती तारा रूख- रूखमा<br>तारा नभई झटारा हुन्थे।<br>टाढ़ा छन्- त्यसैले तिनको सम्मान छ,<br>कवि- कलाकारको मुखमा<br>ताराको गुणगान छ,<br>उनीहरूकै तथ्य खोज्नमा<br>व्यस्त विज्ञान छ।<br>पृथ्वीका जीवले<br>आकाशमा ती तारालाई मात्र<br>देख्छन् तारा,<br>टाढ़ा देख्ने ती आँखाले<br>देख्न सकेनन्- वरिपरिका<br>पृथ्वीका तारा ;<br>चामे, रामे, हर्के, बीरे, कति तारा<br>छन् पृथ्वी मै- तर देख्ने कसले ?<br>तारा भएरै पनि ती बिचरा ! | |

www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice


| | |
|---|---|
| गाँस- बासको डोहो-डोहोले<br>पिई आँसुका नुनिला धारा<br>गनी गनी टाढ़ाका तारा<br>कुकुर जस्तै हीन भएर बिताइरहेछन् जीवन सारा<br>आकाशका तारा के तारा।<br>न उनमा छ आफ्नोपन क्यैं!<br>एक सूर्यको ज्योतिमा नै<br>ती ताराको अस्तित्व हराउँछ ;<br>तर यी तारा-<br>हर्के, बीरे, चामे सारा<br>कसले चिन्ने यिनीहरुलाई ?<br>चिन्न सके त -<br>एक हर्केमा, एक बीरेमा -<br>एकेक सूर्यको शक्ति निहित<br>एक चामेको, एक रामेको<br>विवेक - ज्योतिले विश्व सिंगार्छघ !<br>अन्धो पृथ्वी - अन्धा हामी !<br>हाम्रा लागि घरको दूध पानीसरि छ,<br>नौ लाख तारी टाढ़ा हुनाले तारा छन्<br>रामे, चामे, हर्के, बीरे झटारा छन् !! | |
| **क. चामे, बीरे, रामे किन झटारा भएका छन्?**<br>(i) गरीबीको कारणले<br>(ii) अशिक्षित भएको कारणले<br>(iii)दक्षता, क्षमताको महत्व नबुझ्नको कारणले<br>(iv)अभिमानी भएको कारणले | 1 |
| **ख. कवितामा ताराहरूको संख्या कति लाख बताइएको छ?**<br>(i) सात लाख<br>(ii)नौ लाख<br>(iii)छ लाख<br>(iv)आठ लाख | 1 |
| **ग. कसले आँसुको नुनिलो धारा पिएर जीवन गुजार्न वाध्य बनेको छ ?**<br>(i) रने, चामेले<br>(ii) शिक्षित वर्गले<br>(iii)सम्पन्न परिवारकाले<br>(iv)चामे, हर्के, बीरेले | 1 |
| **घ. हर्के र बीरेमा कस्तो शक्ति निहित छ ?**<br>(i)विश्वमा नयाँ इतिहास कोर्ने शक्ति छ ।<br>(ii) सुन्दर चित्र - कारिता गर्ने शक्ति छ ।<br>(iii)संगीतवद्ध गर्ने शक्ति छ ।<br>(iv)युद्ध गर्ने शक्ति । | 1 |

www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice


| | |
|---|---|
| **ङ. उपरोक्त कविताका कवि.....!**<br>(i) हृदयचन्द्रसिंह प्रधान<br>(ii) हर्कजंगसिंह छेत्री<br>(iii)हरि प्रसाद गोर्खा राई<br>(iv)हरि भक्त कटुवाल | 1 |
| **8.(क) गद्यांशको आधारमा निम्नलिखित गद्यबाट निर्देशानुसार वैकल्पिक उत्तर चुनेर लेख्नुहोस्।** | [5x1=5] |
| (अ) जुठेका गृहस्थी जीवनसँग आफ्नो जीवनको तुलना गरेर चामे बहुतै दुःखु हुन्थ्यो। जुठेकहाँ खान-पिन गरेर विराट्पर्व पढ्ने बेलामा आफ्नो घरमा रुवाबासी चल्छ। जुठेका लोग्ने स्वास्नीमा खूब माया-प्रीति छ। आफ्नो स्वास्नी चाहिँ झगडा गरेर माइततिर हिँड्छे। एउटा भएको भैंसी पनि नजिक पर्न दिँदैन। आफू त माइत गई-गई, भैंसीलाई एक हाते पारेर गई। यो भैंसीले गर्दा गालामा कोकलेको लबटो पऱ्यो। भीरबाट घँच्याङ्दिऊँ भने साहुको डोको। भोलि आएर साहुले बाँध्छ। आफूले जूठो-चुलो नगरे भोकै बस्नुपर्छ। यस्तो हुसी जिन्दगी बिताउनु भन्दा खरानी घसेर हिँड्नु जाती। तर खरानी घसेर पो के गर्नु र दश घरका कुकुर नभुकाए खान पाइँदैन। उसमा पनि फेटा गुँथेका मोटा-घाटा जोगी भएका'-भनेर मानिसहरू गिल्ला गर्छन्। पाटीमा बास हुन्छ। बिरामी परियो भने एक मुठी पानी खान दिने मानिस हुँदैन। अर्काले भनोस् कि नभनोस् आफै ' नमोनाराँण ' - भनेर विगुत लाइदिँदै हिँड्दै ठूला- ठूला झोली भिरेर खला- खलामा चाहार्छन्। यो पनि उही संसारका रापले पोलेका बेलामा टाढाबाट झलक्क हेर्दा शीतल जस्तो लागेको मात्रै हो। | |
| **(अ) चामेको गालामा कोकलेको लबटो किन पऱ्यो?**<br>(i)चामेको सोझोपनको कारणले<br>(ii)भैंसीले बारीको मकै सोत्तर पारेको कारणले<br>(iii) गाउमा सबसंग झगडा गर्ने प्रवृतिको कारणले<br>(iv) गैंथलीलाई कुटेको कारणले | 1 |
| **(आ) 'साहु' भन्नाले के बुझिन्छ ?**<br>(i)शोषण गर्ने<br>(ii) कष्ट दिने<br>(iii) भोजन दिने<br>(iv) कर्जा दिने | 1 |
| **(इ) पति - पत्नीको गृहस्थी जीवनमा झैं- झगडा र तनावको मुख्य कारण.....। सर्वाधिक उपयुक्त पंक्ति चयन गर्नुहोस्।**<br>(i) एका- अर्कामा त्याग र बलिदानको कमी हुनु<br>(ii) एका - अर्कामा समझदारीको अभाव<br>(iii) एका- अर्कामा अहम भावना जाग्नाले<br>(iv) आर्थिक अभावको कारणले | 1 |
| **(ई) पाटीमा कसले आश्रय लिन्छन् ?**<br>(i) सम्पन्न परिवारकाले<br>(ii) गृहस्थ जीवन त्याग गरेकाले<br>(iii) यात्रा गर्ने यात्रीहरू<br>(iv) घरबार नभएकाले | 1 |

www.FirstRanker.com

| | |
|---|---|
| **(उ) उपरोक्त परिच्छेदका अन्तिम पंक्तिमा 'संसारका राप' भनिएको छ ? यसको अर्थ.......।**<br>(i) सांसारिक दु:ख- संघर्ष र तनाव<br>(ii) व्यवहारिक समस्याका चपेट<br>(iii) सुखमय जीवनको अभाव<br>(iv) आर्थिक विपन्नता | 1 |
| 9. **निम्निलिखित प्रश्नहरुका सही वैकल्पिक उत्तर चुनेर दिनुहोस् ।** | 4x1=1 |
| **(अ) कसको गृहस्थी जीवनमा खुबै माया - प्रीति थियो ?**<br>(i) कालेको बाबु र कालेकी आमाको जीवनमा<br>(ii) रने र सेतीको जीवनमा<br>(iii) चामे र गौंथलीको जीवनमा<br>(iv)जुठे र जुठेकी पत्नीको जीवनमा | 1 |
| **(आ) हाम्रो लागि घरको..... पानीसरि छ ।**<br>(i) दूध<br>(ii) ध्यू<br>(iii) दही<br>(iv) मही | 1 |
| **(इ) 'कोदालो खन्नु' भन्नाले....**<br>(i) खेती गर्नु<br>(ii) भोजन पकाउनु<br>(iii) ढुंगा फोर्नै<br>(iv) घाँस काट्नु | 1 |
| **(ई) आकाशका तारा के तारा कवितामा 'प्रिये' भनेर कविले कसलाई सम्बोधन गरेका छन् ?**<br>(i) कवि कलाकारलाई<br>(ii) वैज्ञानिकहरुलाई<br>(iii) यो अन्धो मानव समाजलाई<br>(iv) प्रकृतिलाई | 1 |
| **भाग दुई** | |
| 10. **(क) निम्नलिखित प्रश्नहरू मध्ये कुनै तीन प्रश्नका उत्तर लेख्नुहोस् ।** | [2+1=3] |
| (i) डा. नानोको प्रयोगशालामा के बिक्री - वितरण गरिन्छ ?<br>**अथवा**<br>(ii) कालेकी आमाले शहर छोड़ेर किन गाउँमा बसो- बासो गर्ने निर्णय लिइन् ? | 2 |
| (iii) डाक्टर नानोको प्रयोगशालाको नाम के हो?<br>**अथवा**<br>(iv )पी.बी. गुरुङको केको दोकान छ? | 1 |
| **(11) निम्नलिखित प्रश्नहरू मध्ये कुनै दुई प्रश्नका संक्षेपमा उत्तर दिनुहोस्।** | [1+2=3] |

www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice


| | |
|---|---|
| (i) इस पढ्छु तेरो कवितामा कविले कसलाई ब्यङ्ग हानेका छन् ?<br>**अथवा**<br>(ii) इस पढ्छु तेरो कविताका कविका छोराले कहाँ शिक्षा आर्जन गर्दैछन् ? | 1 |
| (iii) शहीदको सम्झना कवितामा कविको धारणा अनुसार के भएमात्र मुलुक बनिन्छ ?<br>**अथवा**<br>(iv) आकाशका तारा के तारा कवितामा कविले कस्तो सन्देश दिन चोहेका छन् ? | 2 |
| (12) **निम्नलिखत परिच्छेद पढेर पाठको आधारमा आफ्नो विचार पोख्नुहोस्।** | [5X1=5] |
| **(अ)सन्तान जस्तो ठूलो धन अरू केही होइन**<br>यदि सन्तान कुबाटोमा लागिदिएनन् भने,<br>तर के....... गर्नु अहिले विषाक्त हावाबाट<br>जोगाउन पो कसरी ?<br>यहाँ 'विषाक्त हावा' भन्नाले के बुझिन्छ ? | |
| (आ) कमलका दाजु कस्ता प्रवृत्तिका व्यक्ति थिए ? | |
| (इ) 'चरणकी बूढी आमाले यो घटना देखेकी थिई, तर उसको साहस थिएन अरूलाई भन्ने।' यहाँ चरणकी आमा भन्नाले को बुझिन्छ ? | |
| (ई) एकपल्ट घर गएर दिदी र नानीहरूसित भेट गर्नु नि भिनाजु- दिदी तपाईंकै प्रतिक्षामा बसेकी छन् । उपरोक्त पंक्ति कसले, कसलाई भनेका हुन् यहाँ दिदी भन्नाले **को बुझिन्छ ?** | |
| (उ) प्रायश्चित कथामा रहेका पात्र- पात्राको नाम लेख। | |
| **(13) निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।** | [4x1=4] |
| (क) डाक्टर घनश्याम नेपाललाई सिक्किममा कुन पुरस्कारले सम्मानित गरिएको छ ?<br>(ख) डा. घनश्याम नेपालको जन्म कहाँ भएको थियो ?<br>(ग) सन् १९७६ देखि १९७९ सम्म डाक्टर घनश्याम नेपालले कहाँको कार्यालयमा काम गरेका थिए?<br>(घ) डा. घनश्याम नेपाल हालमा कहाँ कार्यरत छन् ? | |
| **(14) कुनै एक विषयमाथि लगभग 200 देखि 250 शब्द सम्मको निबन्ध लेख्नुहोस्।**<br>(i) नि:शुल्क शिक्षाको प्रभाव र परिणाम<br>(ii) साम्प्रदायिक एकता : राष्ट्र धन<br>(iii) आधुनिक युगमा विज्ञापनको महत्व | (12) |

www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

| | |
|---|---|
| (15) घरमा केही जरूरी काम परेको कुरा जनाउँदै प्रधान अध्यापक/अध्यापिकालाई दुइ दिनको छुट्टिका निम्ति निवेदन पत्र लेख्नुहोस्।<br>अथवा<br>आफ्नो सकूलमा भएको वृक्ष रोपन कार्यक्रम बारे जानकारी दिँदै आफ्नो टाढ़ाको मित्रलाई पत्र लेख्नुहोस्। | (8) |
| (16)नेपालीमा अनुवाद गर्नुहोस् -<br>(i) Students are making noise in the classs.<br>(ii) They were reading.<br>(iii) You have not sent him<br>(iv)He gave me a book<br>(v) Dead cannot speak. | (5) |

www.FirstRanker.com

www.FirstRanker.com